annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १५०, पृष्ठ ८ | काठमाडौं, आइतबार ११ असोज २०८३ | आश्विन कृष्णपक्ष प्रतिपदा नेपाल संवत् ११४६ | SUNDAY, SEPTEMBER 27, 2026 | मूल्य : रु. १०

प्रदेश राजधानी सुर्खेतमा, जहाज चढ्न नेपालगन्ज !

कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा विमानस्थल छ, तर प्रदेशकै हिमाली जिल्ला हुम्ला, मुगु, जुम्ला र डोल्पा जाने नागरिकले जहाज चढ्न छिमेकी प्रदेश लुम्बिनीको नेपालगन्ज पुग्नुपर्ने बाध्यता छ। आफ्नै प्रदेश मुकामबाट नियमित हवाई सेवा नहुँदा कर्णालीवासी महँगो भाडा, समयको बर्बादी र सास्ती खेप्न बाध्य भएका छन्।

विस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

समाचार पृष्ठ २

‘सगरमाथा टु द सी’ बहस

भोटेकोशी बाढी विश्वकै चेतावनी

शिवप्रसाद ढुंगाना | *काठमाडौं*

‘सगरमाथादेखि समुद्रसम्मको अवधारणाले राजनीतिक सीमालाई जलवायु प्रणालीले मान्दैन भन्ने स्पष्ट पार्छ,’ न्युयोर्कमा भएको सगरमाथा टु द सी कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनालले भने, ‘हिमालमा आएको ह्रासले तल्लो तटीय क्षेत्रको जीविकोपार्जनमा असर पार्छ भने साना टापु र तटीय राष्ट्रहरूले समुद्रको सतह वृद्धि र विस्थापनको सामना गरिरहेका छन्।’

जलवायु परिवर्तन विषयलाई विश्वसामु बलियो रूपमा उठाउन संयुक्त राष्ट्रसंघको मुख्यालयमा नेपालद्वारा आयोजित ‘सगरमाथा टु द सी: अ कल टु एक्सन फर अ क्लाइमेट रेजिलिएन्ट फ्युचर’ अर्थात् ‘सगरमाथादेखि समुद्रसम्म: जलवायु उत्थानशील भविष्यका लागि आवश्यक कार्यको आह्वान’ उच्चस्तरीय विशेष कार्यक्रम गरेको थियो।

विश्वका धनी र बढी उत्सर्जन गर्ने राष्ट्रहरूको गैरजिम्मेवार नीतिका कारण हिमाली तथा साना टापु राष्ट्रहरूले अस्तित्वकै संकट झेलिरहेको विषयलाई कार्यक्रममा प्रमुखताका साथ उठाइएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै परराष्ट्रमन्त्री शिशिर खनालले नेपालले भोगेको प्राकृतिक विपद्लाई ‘हिमाली सुनामी’को संज्ञा दिँदै नेपालजस्ता देशहरूले अनुकूलनको सीमा नाघेर हानिनोक्सानीको चरणमा पुगेको बताए।

‘गत २६ अगस्टमा लङटाङ क्षेत्रमा चट्टान र ग्लेसियर हिउँ पहिरिएर विनाशकारी क्षति पुऱ्यायो, जसलाई मैले ‘हिमाली सुनामी’को रूपमा वर्णन गरेको छु, नेपालले विगत तीन दशकमा आफ्ने करिब एकतिहाइ हिउँ गुमाइसकेको छ,’ परराष्ट्रमन्त्री खनालले नेपालको अवस्था राखे। नेपालले भोगेको यो त्रासदी कुनै स्थानीय घटनामात्र नभई धनी र गरिब राष्ट्रबीचको प्रविधि तथा स्रोतको पहुँचमा रहेको असमानताको उपज भएको भुटानका स्थायी प्रतिनिधि तेन्जिन रुन्डेल वाङसुकको भनाइ थियो। ‘स्वीट्जरल्यान्डको ब्ल्याटन गाउँमा पहिरो आउँदा पूर्वसूचना र वैज्ञानिक प्रविधिका कारण समुदाय सुरक्षित रहे, तर नेपाल-चीन सीमामा ग्लेशियर फुट्दा हजारौं मानिसले क्षति बेहोर्नुपऱ्यो,’ वाङसुकले जोड दिँदै भने, ‘नेपालमा घटेको यो त्रासदी केवल नेपालको मात्र होइन, सिंगो हिमालय क्षेत्रका लागि चेतावनी हो, हाम्रा उपत्यकाहरू मसानघाट बन्दै छन्।’

त्यस्तै, क्लाइमेट एनालिटिक्सका प्रबन्ध निर्देशक डा. बिल हरिसले हिमाली क्षेत्रमा अनुकूलनको क्षमता सकिइसकेको बताउँदै नेपालमा अगस्टमा भएको विनाशकारी चट्टान र हिउँको पहिरो जलवायु परिवर्तनको भयानक रूप भएको बताए। उनले भने, ‘यस्ता घटनाहरूले अनुकूलनको सीमा सकिएर हानि तथा क्षतिको चरण सुरु भएको देखाउँछन्।’

» बाँकी पृष्ठ ६

वृद्धाश्रमबाटै वृद्धवृद्धा बगे, बाँचेकाको दैनिकी पनि कष्टकर

देवचन्द्र भट्ट | *नुवाकोट*

भदौ १० गते बुधबार बिहान। नुवाकोटको विदुर नगरपालिका-५ स्थित प्रसिद्ध देवीघाटमा रहेको देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठानको हल र भान्छाकोठामा ६० देखि ९० वर्ष नाघेका वृद्धवृद्धाहरू शान्त भावमा बसिरहेका थिए। एक्कासि सुसाईंदै आएको प्रलयकारी बाढीले आश्रमको भुइँतल्ला लपेट्यो। पलभरमै चिच्याहट र खेलाबेला मचियो। पानीको शक्तिशाली छालले वृद्धवृद्धाहरूलाई आश्रमबाट सोहोरेर १ सय मिटर परसम्म बगाएर पुऱ्यायो।

‘कुर्सीमा बसिरहेकै बेला बाढीले सोहोरेर बाहिर पुऱ्यायो,’ ७५ वर्षीय पोष्टबहादुर प्याकुरेल त्यो कहालीलाग्दो क्षण सम्झँदै भन्छन्, ‘जीवनमा यस्तो प्रलय कहिल्यै देखेको थिइनँ। बुढेसकालमा अर्को जुनी पाएँ जस्तै लागेको छ।’

उनीसँगै बाढीमा बगेका ७३ वर्षीया पदमकुमारी प्याकुरेल, ९६ वर्षीया गुणमाया बोहरा, ६५ वर्षीय कृष्णप्रसाद पुडासैनी, ८५ वर्षीया गोमाकुमारी पुडासैनी, ७६ वर्षीया पुतली तामाङ, ६० वर्षीय विनोद सापकोटा र ७८ वर्षीय पासाङ्तेम्बा शेर्पालाई स्थानीयले १ सय मिटर परबाट जीवितै उद्धार गर्न सफल भए। तर, त्यो बिहानको त्रास अझै उनीहरूको मनबाट हटेको छैन। ‘त्यो घटनालाई त सम्झन पनि चाहन्नँ,’ पदमकुमारीले सुस्केरा हाल्दै भनिन्, ‘सबैजना बसिरहेका थियौं, निस्कन सक्ने निस्किए, हामीलाई भने बाढीले लपेटिहाल्यो।’

३५ जना वृद्धवृद्धा बसोबास गर्दै आएको उक्त आश्रित केन्द्रमा बाढीले भारी क्षति पुऱ्याएको छ। बाढीमा परी सूर्यगढी गाउँपालिका स्थायी घर भएका ७७ वर्षीय रामकृष्ण तामाङको मृत्यु भयो भने ८८ वर्षीया भद्रमाया न्यौपाने, ८६ वर्षीय बलराम भट्टराई, ७७ वर्षीया दुर्गा भट्टराई, ६९ वर्षीया लीला श्रेष्ठ र ८३ वर्षीय लोकबहादुर पुडासैनी अझै बेपत्ता छन्। गम्भीर घाइते गुणमाया बोहराको वीर अस्पतालमा उपचार भइरहेको छ भने ७ जनालाई काठमाडौंको म्हैपीस्थित केयर होममा सारिएको छ।

बाढीबाट बचेका १६ जना वृद्धवृद्धालाई हाल विदुर-६ इनारपाटीस्थित श्रीकृष्ण प्रणामी मन्दिरमा आश्रय दिइएको छ। एक महिनादेखि मन्दिरको अस्थायी बासस्थानमा बसिरहेका उनीहरूको दैनिकी अत्यन्त कष्टकर बनेको छ।

» बाँकी पृष्ठ ६

सफलताको १९ वर्ष पूरा

२० औं वर्षमा प्रवेश

बैंक स्थापनाको १९ वर्ष पूरा गरी २० औं वर्ष प्रवेश गरेको शुभ अवसरमा हामीलाई निरन्तर प्रेरणा, प्रोत्साहन र मार्गदर्शन प्रदान गर्नु हुने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारजगत, कर्मचारी लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं ।

यस शुभ अवसरमा हामी आगामी दिनमा अझ प्रतिस्पर्धी, गुणस्तरीय एवं नवीनतम् बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
'A' Class Institution Licensed by Nepal Rastra Bank

Central Office: Kamalpokhari, Kathmandu, Nepal,
+977 01-4523254, 01-4523432/3 & 01- 4523436, info@pcbl.com.np